# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६ ) काठमाडौं, असार १ गते २०४३ साल ( अतिरिक्ताङ्क १६ (ख)

## भाग ३

श्री ५ को सरकार

गृह मन्त्रालयको सूचना

प्रहरी (पाँचौं संशोधन) नियमावली, २०४३

प्रहरी नियमावली, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रहरी ऐन, २०१२ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "प्रहरी (पाँचौं संशोधन) नियमावली, २०४३" रहेको छ ।

(२) यस नियमावलीको–

(क) नियम २५ र अनुसूची ४ को भाग ४ बाहेक अरू नियमहरू २०४३ साल असार १ गतेदेखि प्रारम्भ हुनेछन् ।

(ख) नियम २५ र अनुसूची ४ को भाग ४, २०४३ साल मंसीर १ गतेदेखि प्रारम्भ हुनेछन् ।

२. प्रहरी नियमावली, २०३३ को नियम २.२ मा संशोधनः प्रहरी नियमावली, २०३३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २.२ को–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छः–

"(२) राजपत्राङ्कित श्रेणीमा निम्नलिखित पदहरू रहनेछन्ः–

(क) प्रहरी महानिरीक्षक।

(ख) प्रहरी अतिरिक्त महानिरीक्षक।

(ग) प्रहरी नायब निरीक्षक।

(घ) प्रहरी वरिष्ठ उपरीक्षक।

(ङ) प्रहरी उपरीक्षक।

(च) प्रहरी नायब उपरीक्षक।

(छ) प्रहरी निरीक्षक।"

(२) उप-नियम (३) को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः–

"(च) प्रहरी केटा।"

३. मूल नियमावलीको नियम २.३ मा संशोधनः मूल नियमावलीको नियम २.३ को उप-नियम (१) को खण्ड (ग), (घ) र (छ) को सट्टा देहायको खण्ड (ग), (घ) र (छ) राखिएका छन् :–

| | |
|---|---|
| "(ग) अञ्चल प्रहरी कार्यालय | प्रहरी वरिष्ठ उपरीक्षक वा प्रहरी उपरीक्षक। |
| (घ) जिल्ला प्रहरी कार्यालय | प्रहरी उपरीक्षक, प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक। |
| (छ) प्रहरी चौकी | प्रहरी सहायक निरीक्षक वा प्रहरी हवल्दार।" |

४. मूल नियमावलीको नियम ३.२ संशोधनः मूल नियमावलीको नियम ३.२ को खण्ड (ख) र (ग) को सट्टा देहायको खण्ड (ख) र (ग) राखिएका छन्ः–

| | |
|---|---|
| "(ख) प्रहरी जवानभन्दा माथिका अन्य राजपत्र अनंकित श्रेणीका पदमा | प्रहरी महानिरीक्षकले |
| (ग) प्रहरी जवान पदमा | क्षेत्रीय प्रहरी तालीम केन्द्रका समादेशकले।" |

५. मूल नियमावलीको नियम ३.३ मा संशोधनः मूल नियमावलीको नियम ३.३ को,–

(१) खण्ड (क) मा रहेको "प्रहरी निरीक्षक" भन्ने शब्दहरूपछि, "र प्रहरी सहायक निरीक्षक" भन्ने शब्दहरू थपिएका छन्।

(२) खण्ड (ख) झिकिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल नियमावलीको नियम ३.६ मा संशोधनः मूल नियमावलीको नियम ३.६ को सट्टा देहायको नियम ३.६ राखिएको छ :–

"३.६ चरित्र बुझ्नेः प्रहरी सेवामा नयाँ भर्ना गर्नु भन्दा अगाडि उम्मेदवारको चरित्र बुझी सन्तोषजनक देखिएमा मात्र भर्ना गरिनेछ ।"

७. मूल नियमावलीको नियम ३.१५ मा संशोधनः मूल नियमावलीको नियम ३.१५ को,–

(१) उप-नियम (१) मा रहेको "अञ्चल प्रहरी कार्यालयमा" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय प्रहरी तालीम केन्द्रमा" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छः–

"(३) उप-नियम (२) बमोजिमको योग्यता भएको उम्मेदवारहरूको अन्तरवार्ता देहायको समितिबाट गरिनेछः–

(क) क्षेत्रीय प्रहरी तालीम केन्द्रका समादेशक – अध्यक्ष

(ख) अञ्चल प्रहरी कार्यालयको प्रतिनिधि – सदस्य

(ग) जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि – सदस्य"

(३) उप-नियम (४) मा रहेको "अञ्चल प्रहरी उपरीक्षक" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय प्रहरी तालीम केन्द्रको समादेशक" भन्ने शब्दहरू राखिएका छन् ।

८. मूल नियमावलीको नियम ४.३ मा संशोधनः मूल नियमावलीको नियम ४.३ को सट्टा देहायको नियम ४.३ राखिएको छः–

"४.३ बढुवा समितिः देहायका पदमा बढुवाको लागि सिफारिश गर्न देहायबमोजिम बढुवा समिति गठन हुनेछः–

(क) प्रहरी नायब महानिरीक्षक पदको लागिः–

(१) सचिव गृह मन्त्रालय – अध्यक्ष

(२) प्रहरी महानिरीक्षक – सदस्य

(३) प्रहरी अतिरिक्त महानिरीक्षक वा प्रहरी नायब महानिरीक्षक – सदस्य

(ख) प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक, प्रहरी नायब उपरीक्षक र प्रहरी निरीक्षक पदको लागिः–

(१) प्रहरी महानिरीक्षक – अध्यक्ष

(२) सह-सचिव गृह मन्त्रालय – सदस्य



८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) प्रहरी अतिरिक्त महानिरीक्षक वा प्रहरी नायव महानिरीक्षक — सदस्य

(ग) प्रहरी नायव निरीक्षक पदको लागिः–

(१) प्रहरी नायव महानिरीक्षक — अध्यक्ष

(२) प्रहरी वरिष्ठ उपरीक्षक वा प्रहरी उपरीक्षक — सदस्य

(३) प्रहरी नायव उपरीक्षक (अभिलेख शाखा) — सदस्य-सचिव

(घ) प्रहरी सहायक निरीक्षक पदको लागिः–

(१) प्रहरी उपरीक्षक — अध्यक्ष

(२) प्रहरी नायव उपरीक्षक — सदस्य

(३) प्रहरी नायव उपरीक्षक (क्षेत्रीय प्रहरी कार्यालय) — सदस्य-सचिव

(ङ) प्रहरी हवल्दार पदको लागिः–

(१) प्रहरी नायव उपरीक्षक — अध्यक्ष

(२) प्रहरी निरीक्षक — सदस्य

(३) प्रहरी निरीक्षक (अभिलेख शाखा) — सदस्य-सचिव"

९. मूल नियमावलीको नियम ४.४ मा संशोधनः (१) मूल नियमावलीको नियम ४.४ को उप-नियम (१) मा रहेको "श्रेणी" भन्ने शब्दको सट्टा "तह" भन्ने शब्द राखिएको छ र सोही उप-नियमको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :–

"तर–

(१) पाँच वर्ष अवधि पुगेको उम्मेदवार नभएमा तीन वर्ष अवधि पुगेको उम्मेदवार पनि सम्भाव्य उम्मेदवार बन्न सक्नेछ ।

(२) प्रहरी वरिष्ठ उपरीक्षक र सोभन्दा माथिको पदमा पदोन्नतिको निमित्त न्यूनतम सेवा अवधि आवश्यक हुनेछैन ।"

१०. मूल नियमावलीको नियम ४.४ क मा संशोधनः मूल नियमावलीको नियम ४.४ क झिकिएको छ ।

११. मूल नियमावलीको नियम ४.६ मा संशोधनः मूल नियमावलीको नियम ४.६ को सट्टा देहायको नियम ४.६ राखिएको छ ।

"४.६ बढुवाको लागि अङ्कको गणनाः– प्रहरी हवल्दारदेखि प्रहरी नायव महानिरीक्षकसम्मको पदमा बढुवा गर्दा कार्य क्षमताको मूल्यांकन बापत देहायबमोजिम अङ्क गणना गरिनेछः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) ज्येष्ठता:– ज्येष्ठताको अङ्क गणना गर्दा बहाल रहेको पदको प्रत्येक वर्षको लागि १५ अङ्कको दरले अधिकतम १५० अङ्क दिइनेछ ।

स्पष्टीकरण: एक वर्षभन्दा कम अवधिको ज्येष्ठता बापतको अङ्क गणना गर्दा दामासाहीबाट गणना गरिनेछ ।

(ख) अनुभव: अनुभवको अङ्क गणना गर्दा देहायको आधारमा देहायबमोजिम अङ्क दिइनेछ ।

(अ) बहाल रहेको पदमा अनुसूची-३ बमोजिम अधिराज्यका विभिन्न भौगोलिक क्षेत्रमा काम गरे बापत अधिकतम २० अङ्कमा नबढ्ने गरी देहायबमोजिम अङ्क दिइनेछ:–

(१) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि ५ अङ्कका दरले ।

(२) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि ४ अङ्कका दरले ।

(३) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि ३ अङ्कका दरले ।

(४) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि २ अङ्कका दरले ।

(५) "ङ" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि १ अङ्कका दरले ।

(आ) बहाल रहेको पदमा कार्यालय प्रमुख भई काम गरे बापत प्रत्येक वर्षको २ अङ्कका दरले अधिकतम १० अङ्क ।

स्पष्टीकरण (१) कुनै पनि क्षेत्रमा पदस्थापन भई एक वर्षभन्दा कम अवधि काम गरेकोमा वा पदस्थापन भएको क्षेत्र बाहेक अन्य क्षेत्रमा काजमा रही एक वर्षभन्दा कम अवधि काम गरेकोमा बिताए जति अवधिको लागि दामासाहीबाट अङ्क दिइनेछ ।

(२) यस खण्डको प्रयोजनको लागि एक वर्ष भन्नाले घर बिदा र बिरामी बिदा कट्टा गरी हाजिर भै काम गरेको दिनलाई मान्नुपर्छ ।



86

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) तालीमः– सेवाकालीन आन्तरिक वा वैदेशिक तालीम बापत अनुसूची ४ बमोजिम अङ्क दिइनेछ ।

तर,

(१) तालीम बापत दिइने अङ्क १२० भन्दा बढी हुने छैन ।

(२) १५ दिनभन्दा कम अवधिको तालीमलाई कुनै अङ्क दिइने छैन ।

(३) प्राविधिक तालीम सम्बन्धित प्राविधिक क्षेत्रमा पदोन्नतिको लागि मात्र गणना गरिनेछ ।

(४) कुनै पनि पदमा पदोन्नतिको निमित्त तोकिएको अनिवार्य तालीम बापत अङ्क दिइनेछैन ।

(घ) शैक्षिक योग्यताः– शैक्षिक योग्यताको अङ्क गणना गर्दा देहाय-बमोजिम गणना गरिनेछः–

| | |
|---|---|
| (१) एस. एल. सी. वा सो सरह | – ३५ अङ्क |
| (२) आई. ए. वा सो सरह | – ५० अङ्क |
| (३) बी. ए. वा सो सरह | – ६५ अङ्क |
| (४) एम. ए. वा सो सरह वा सोभन्दा माथिको कुनै उपाधी | – ८० अङ्क |

तर,

(१) शैक्षिक योग्यताको अङ्क गणना गर्दा उम्मेदवारले हासिल गरेको सबैभन्दा माथिल्लो शैक्षिक योग्यता बापतको मात्र अङ्क दिइनेछ ।

(२) प्रहरी नायब निरीक्षक र सोभन्दा मुनिको पदमा बढुवा गर्दा एम. ए. वा सो सरह वा सो भन्दा माथिको उपाधी बापत अङ्क दिइने छैन ।

(ङ) विभूषण, मानपदवी अलंकार तथा पदकः श्री ५ महाराजाधिराज-बाट प्रदान गरिबक्सेका विभिन्न विभूषण, मानपदवी, अलंकार तथा पदकहरूको लागि अनुसूची ५ बमोजिम अधिकतम ४० अङ्क दिइनेछ ।

तर, एक पटकको बढुवामा गणना भैसकेको विभूषण, मानपदवी अलंकार तथा पदक बापतको अङ्क अर्को पटकको बढुवामा पुनः गणना गरिने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) कार्य सम्पादन, वैयक्तिक गुण, चरित्र र क्षमताको मूल्यांकनः

प्रहरी कर्मचारीको कार्य सम्पादन, वैयक्तिक गुण, चरित्र र क्षमता बापतको अङ्क गणना गर्दा राजपत्रांकित प्रहरी कर्मचारीको हकमा अनुसूची ७ को भाग १ बमोजिम र राजपत्र अनंकित प्रहरी कर्मचारीको हकमा अनुसूची ७ को भाग २ बमोजिमको मूल्यांकन फारामको आधारमा अधिकतम १५० अङ्क दिइनेछ।

स्पष्टीकरणः– (१) प्रहरी कर्मचारीको कार्य सम्पादन, वैयक्तिक गुण, चरित्र र क्षमताको मूल्यांकन बापत नियम १५.२ बमोजिमको सुपरिवेक्षक, अवलोकनकर्ता र पुनरावलोकनकर्ताले देहायबमोजिमको अङ्क दिन सक्नेछन्:–

(अ) सुपरिवेक्षकले ५० अङ्कसम्म।

(आ) अवलोकनकर्ताले ५० अङ्कसम्म।

(इ) पुनरावलोकनकर्ताले ५० अङ्कसम्म।

(२) सुपरिवेक्षक, अवलोकनकर्ता र पुनरावलोकनकर्ताले दिएको अङ्कमा हेरफेर गर्न सकिने छैन र तिनै तहमा प्राप्त कुल अङ्क बढुवाको प्रयोजनको लागि गणना गरिनेछ।

(३) बढुवाको लागि न्यूनतम सेवा अवधि आवश्यक पर्ने पदमा कार्यरत रहेको प्रहरी कर्मचारीको हकमा पछिल्लो तीन वर्षको मूल्यांकन बापत प्राप्त अङ्कको औसत अङ्क गणना गरिनेछ। बढुवाको लागि न्यूनतम सेवा अवधि आवश्यक नपर्ने पदमा कार्यरत प्रहरी कर्मचारीको हकमा बहाल रहेको पदमा तीन वर्ष अवधि पुगेको भए पछिल्लो तीन वर्ष र तीन वर्ष अवधि नपुगेको भएमा बहाल रहेको पदभन्दा एकतह मुनिको पदमा कार्यरत रहेको नोकरी अवधिमध्ये पछिल्ला वर्षहरूको समेत गरी जम्मा तीन वर्षको कार्य सम्पादन, वैयक्तिक गुण, चरित्र र क्षमताको मूल्यांकन बापत प्राप्त अङ्कको औसत अङ्क गणना गरिने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छ । यो नियम प्रारम्भ हुनुभन्दा अघिको अवधिको हकमा साबिकमा भइरहेको कार्य सम्पादन फारामको आधारमा समेत औसत अङ्क गणना गरिनेछ ।

(छ) बढुवा समितिले दिने अङ्कः बढुवाको लागि सम्भाव्य उम्मेदवारले प्राप्त गरेको कुल अङ्कको अतिरिक्त निजको कार्य क्षमताको आधारमा बढुवा समितिले ३० अङ्कसम्म थप गर्न सक्नेछ ।"

१२. मूल नियमावलीको नियम ४.७ मा संशोधनः मूल नियमावलीको नियम ४.७ को सट्टा देहायको नियम ४.७ राखिएको छः–

"४.७ प्रहरी महानिरीक्षक र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवाः

(१) प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा प्रहरी अतिरिक्त महानिरीक्षक र प्रहरी नायब महानिरीक्षकहरूमध्येबाट कार्य सम्पादन गर्न सक्ने क्षमता, उत्तरदायित्व वहन गर्न सक्ने खुवी तथा आफू मुनिका कर्मचारीलाई नियन्त्रण, निर्देशन, प्रोत्साहन र परिचालन गर्ने क्षमताको आधारमा श्री ५ को सरकारले उपयुक्त उम्मेदवारलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्नेछ ।

(२) प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्दा प्रहरी नायब महानिरीक्षकहरूमध्येबाट कार्य सम्पादन गर्न सक्ने क्षमता र उत्तरदायित्व वहन गर्न सक्ने खुवीको आधारमा श्री ५ को सरकारले उपयुक्त उम्मेदवारलाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्नेछ ।"

१३. मूल नियमावलीको नियम ४.११ मा संशोधनः मूल नियमावलीको नियम ४.११ को उपनियम (१) मा रहेको "अनुसूची २" भन्ने शब्दको सट्टा "अनुसूची–३" भन्ने शब्द राखिएको छ ।

१४. मूल नियमावलीको नियम ५.२ मा संशोधनः मूल नियमावलीको नियम ५.२ को,

(१) शीर्षक र सोही नियमको शुरूमा रहेको "प्रहरी नायब महानिरीक्षकको" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय प्रहरी कार्यालयका प्रमुखको" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (ङ) मा रहेको "उपरीक्षकको" भन्ने शब्द झिकिएको छ ।



40

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. मूल नियमावलीको नियम ५.४ मा संशोधनः मूल नियमावलीको नियम ५.४ को शुरूमा रहेको "जिल्ला प्रहरी कार्यालयको प्रमुख" भन्ने शब्दहरू पछि रहेका "अधिकृतको रूपमा रहेको जिल्ला प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी निरीक्षक वा जिल्ला प्रहरी नायव निरीक्षक" भन्ने शब्दहरू झिकिएका छन् ।

१६. मूल नियमावलीको नियम ५.५ मा संशोधनः मूल नियमावलीको नियम ५.५ को शीर्षक र शुरूको वाक्यांशको सट्टा देहायको शीर्षक र वाक्यांश राखिएका छन् :–

"प्रहरी शिविर वा प्रहरी थानाका प्रमुखको काम कर्तव्यः प्रहरी शिविर वा प्रहरी थानाको प्रमुखको काम कर्तव्य देहायबमोजिम हुनेछः–"

१७. मूल नियमावलीको नियम ५.६ मा संशोधनः मूल नियमावलीको नियम ५.६ को शीर्षक र शुरूको वाक्यांशको सट्टा देहायको शीर्षक र वाक्यांश राखिएका छन्:–

"प्रहरी छोटी थाना वा प्रहरी चौकीको प्रमुखको काम कर्तव्यः प्रहरी छोटी थाना वा प्रहरी चौकीको प्रमुखको काम कर्तव्य देहायबमोजिम हुनेछः–"

१८. मूल नियमावलीको नियम ६.३ मा संशोधनः मूल नियमावलीको नियम ६.३ मा रहेको "अख्तियारवालाले" भन्ने शब्दको सट्टा "सजाय गर्ने अधिकारीले" भन्ने शब्दहरू राखिएका छन् ।

१९. मूल नियमावलीको नियम ६.४ मा संशोधनः मूल नियमावलीको नियम ६.४ मा रहेको "अख्तियारवालाले" भन्ने शब्दको सट्टा "सजाय गर्ने अधिकारीले" भन्ने शब्दहरू राखिएका छन् र सोही नियमको खण्ड (च) झिकिएको छ ।

२०. मूल नियमावलीको नियम ६.५ मा संशोधनः मूल नियमावलीको नियम ६.५ मा रहेको "अख्तियारवालाले" भन्ने शब्दको सट्टा "सजाय गर्ने अधिकारीले" भन्ने शब्दहरू राखिएको छन् र सोही नियमको खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छ ।

"(झ) मनासिव कारण नभई बिदा नलिई बिदा बसेमा वा गैर हाजिर भएमा ।"

२१. मूल नियमावलीको नियम ६.६ मा संशोधनः मूल नियमावलीको नियम ६.६ को,

(१) उपनियम (१) (२) (३) र (४) मा रहेको "अख्तियारवालाले" भन्ने शब्दको सट्टा "सजाय गर्ने अधिकारीले" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-नियम (५) पछि देहायको उप-नियम (६) थपिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(६) कुनै फौज्दारी अभियोगमा गिरफ्तार भई थुनिएको प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वित हुनेछ ।"

२२. मूल नियमावलीको नियम ६.७ मा संशोधनः मूल नियमावलीको नियम ६.७ मा रहेको "अख्तियारवालाले" भन्ने शब्दको सट्टा "सजाय गर्ने अधिकारीले" भन्ने शब्दहरू राखिएका छन् ।

२३. मूल नियमावलीको नियम ६.१० मा संशोधनः मूल नियमावलीको नियम ६.१० को,

(१) क्रमसंख्या ७ को दर्जाको महलमा रहेको "प्रहरी उपरीक्षक" भन्ने शब्दहरूपछि "र प्रहरी वरिष्ठ उपरीक्षक" भन्ने शब्दहरू थपिएका छन् ।

(२) क्रमसंख्या ८ को दर्जाको महलमा रहेको "प्रहरी नायव महानिरीक्षक" भन्ने शब्दहरूपछि "र प्रहरी अतिरिक्त महानिरीक्षक" भन्ने शब्दहरू थपिएका छन् ।

(३) क्रमसंख्या ६ को सजायको किसिमको महलमा रहेको "पदोन्नति रोक्का गर्ने" भन्ने शब्द झिकिएको छ ।

२४. मूल नियमावलीको नियम ६.१५ मा संशोधनः मूल नियमावलीको नियम ६.१५ झिकिएको छ ।

२५. मूल नियमावलीको नियम १०.१ मा संशोधनः मूल नियमावलीको नियम १०.१ को,

(१) उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छ ।

"(१) देहायका प्रहरी कर्मचारीले देहायबमोजिमको उमेर पुगेपछि सरकारी सेवाबाट अवकाश लिनेछन्:–

| | |
|---|---|
| (क) प्रहरी महानिरीक्षक | ६० वर्ष |
| (ख) प्रहरी अतिरिक्त महानिरीक्षक | ५८ वर्ष |
| (ग) प्रहरी नायव महानिरीक्षक | ५७ वर्ष |
| (घ) प्रहरी वरिष्ठ उपरीक्षक | ५६ वर्ष |
| (ङ) प्रहरी उपरीक्षक | ५५ वर्ष |
| (च) प्रहरी नायव उपरीक्षक | ५४ वर्ष |
| (छ) प्रहरी निरीक्षक | ५३ वर्ष |
| (ज) प्रहरी नायव निरीक्षक | ५२ वर्ष |
| (झ) प्रहरी सहायक निरीक्षक | ५१ वर्ष |
| (ञ) प्रहरी हवल्दार र प्रहरी जवान | ४८ वर्ष |



९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (२) को खण्ड (ख) र (ग) को सट्टा देहायको खण्ड (ख) र (ग) राखिएको छः–

"(ख) प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षक र प्रहरी वरिष्ठ उपरीक्षक – ५ वर्ष

(ग) प्रहरी उपरीक्षक – १० वर्ष"

(३) उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छः–

"(३) प्रहरी नायव महानिरीक्षक र प्रहरी वरिष्ठ उपरीक्षकको कार्यकाल समाप्त भएपछि श्री ५ को सरकारले चाहेमा उमेरको हद ननाघ्ने गरी प्रहरी नायव महानिरीक्षकलाई दुई वर्षको र प्रहरी वरिष्ठ उपरीक्षकलाई तीन वर्षको एक पटक अवधि थप गर्न सक्नेछ।"

२६. मूल नियमावलीको नियम १०.३ मा संशोधनः मूल नियमावलीको नियम १०.३को,

(१) उप-नियम (२) को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएका छन्।

"(क) प्रहरी नायव निरीक्षकदेखि प्रहरी महानिरीक्षकसम्मको निमित्त

$$\frac{\text{नोकरी वर्ष} \times \text{आखिरी तलब}}{५०}$$

(ख) प्रहरी सहायक निरीक्षक र सोभन्दा मुनिका प्रहरी कर्मचारीको निमित्त

$$\frac{\text{नोकरी वर्ष} \times \text{आखिरी तलब"}}{४०}$$

(२) उपनियम (२) को खण्ड (ग) र (घ) झिकिएका छन्।

२७. मूल नियमावलीको नियम १०.५ मा संशोधनः मूल नियमावलीको नियम १०.५ को उप-नियम (३) को स्पष्टीकरणको खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) अशक्तताको प्रतिशत देहायको अशक्तता प्रतिशत निर्धारण समितिबाट निर्धारण हुनेछः–

(अ) राजपत्राङ्कित प्रहरी कर्मचारीको हकमाः–

१. गृह मन्त्रालयको प्रतिनिधि – अध्यक्ष
२. प्रहरी प्रधान कार्यालयको प्रतिनिधि – सदस्य
३. वीरेन्द्र प्रहरी अस्पतालको चिकित्सक प्रतिनिधि – सदस्य





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(आ) राजपत्र अनङ्कित प्रहरी कर्मचारीको हकमा:–

१. प्रमुख जिल्ला अधिकारी – अध्यक्ष

२. सम्बन्धित प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको प्रहरी अधिकृत – सदस्य

३. वीरेन्द्र प्रहरी अस्पताल वा सम्बन्धित जिल्लाको अस्पताल वा स्वास्थ्य केन्द्रको प्रतिनिधि चिकित्सक – सदस्य"

२८. मूल नियमावलीको नियम १०.८ मा संशोधन: मूल नियमावलीको नियम १०.८ को सट्टा देहायको नियम १०.८ राखिएको छ:–

"१०.८ असाधारण पारिवारिक वृत्ति र उपदान:– (१) कुनै प्रहरी कर्मचारीको आफ्नो कर्तव्य पालन गर्दा वा तालीम लिंदा तत्काले मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै मृत्यु भएमा निजको नोकरी जतिसुकै वर्ष पुगेको भए तापनि मृत प्रहरी कर्मचारीको सबभन्दा नजिकको हकवालाले त्यस्तो प्रहरी कर्मचारीले खाईपाई आएको तलबको आधा पारिवारिक निवृत्तिभरण पाउनेछ र त्यस्तो हकवालालाई देहायबमोजिम असाधारण पारिवारिक उपदान समेत दिइनेछ:–

(क) दश वर्षसम्मको सेवा अवधि नपुग्दै मृत्यु भएमा निजले खाईपाई आएको ६ महिनाको तलब ।

(ख) दश वर्षदेखि बीस वर्षसम्मको सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको नौ महिनाको तलब ।

(ग) बीस वर्षभन्दा बढी जतिसुकै सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको एक वर्षको तलब ।

(२) हतियार बन्द प्रहरी मुठभेडमा कुनै प्रहरी कर्मचारीको मृत्यु भएमा सेवाको जुनसुकै वर्ष भए तापनि मृत प्रहरी कर्मचारीको सबभन्दा नजिकको हकवालाले खाईपाई आएको तलबको आधा पारिवारिक निवृत्तिभरण पाउनेछ र त्यस्तो हकवालालाई देहायबमोजिम असाधारण पारिवारिक उपदान समेत दिइनेछ:–

(क) दश वर्षसम्मको सेवा अवधि नपुग्दै मृत्यु भएमा निजले खाईपाई आएको एक वर्षको तलब ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) दश वर्षदेखि बीस वर्षसम्मको सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको अठार महिनाको तलब ।

(ग) बीस वर्षभन्दा बढी जतिसुकै सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको दुई वर्षको तलब ।

(३) यी नियमहरूमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उप-नियम (१) र (२) बमोजिम पाउने असाधारण निवृत्तिभरणको प्रयोजनको निमित्त "हकवाला" भन्नाले मृत प्रहरी कर्मचारीको पत्नी, नाबालक छोरा, अविवाहिता छोरी र आश्रित बाबु, आमालाई मात्र जनाउनेछ ।

(४) उप-नियम (१) र (२) बमोजिम असाधारण पारिवारिक निवृत्तिभरण मृत प्रहरी कर्मचारीको पत्नी वा बाबु, आमा भए आजीवन र छोरा वा छोरीले भए एक्काईस वर्षको उमेर पूरा गरेको वा विवाह वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मितिसम्म पाउनेछ ।

(५) मृत महिला प्रहरी कर्मचारीको विधुर पतिको हकमा श्री ५ को सरकारले उचित र न्याय संगत तरीकाबाट कारवाही गर्न सक्नेछ ।

२९. मूल नियमावलीको नियम १०.१२ मा संशोधनः मूल नियमावलीको नियम १०.१२को,

(१) उप-नियम (८) को खण्ड (१) पछि देहायको खण्ड (१.क) थपिएको छः–

"(१.क) प्रहरी अतिरिक्त महानिरीक्षक – रू. १५०।–"

(२) उप-नियम (८) को खण्ड (२) पछि देहायको खण्ड (२.क) थपिएको छ ।

"(२.क) प्रहरी वरिष्ठ उपरीक्षक – रू. १२०।–"

३०. मूल नियमावलीको नियम १२.२ मा संशोधनः मूल नियमावलीको नियम १२.२ को,

(१) खण्ड (क) मा रहेको "प्रहरी महानिरीक्षक" भन्ने शब्दहरूपछि "प्रहरी अतिरिक्त महानिरीक्षक" भन्ने शब्दहरू थपिएका छन् ।



54

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ख) मा रहेको "प्रहरी उपरीक्षक" भन्ने शब्दहरू अघि "प्रहरी वरिष्ठ उपरीक्षक" भन्ने शब्दहरू थपिएका छन् ।

३१. मूल नियमावलीको नियम १३.३ मा संशोधनः मूल नियमावलीको नियम १३.३ को सट्टा देहायको नियम १३.३ राखिएको छः–

"१३.३ तालीमको अवधिः– प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरूको तालीमको अवधि प्रहरी प्रधान कार्यालयले आवश्यकतानुसार तोकेको पाठ्यक्रमको अवधि अनुसार हुनेछ ।"

३२. मूल नियमावलीको नियम १३.१५ मा संशोधनः मूल नियमावलीको नियम १३.१५ झिकिएको छ ।

३३. मूल नियमावलीको नियम १३.१६ मा संशोधन : मूल नियमावलीको नियम १३.१६ झिकिएको छ ।

३४. मूल नियमावलीको नियम १३.२० मा संशोधनः मूल नियमावलीको नियम १३.२० मा रहेको "रू. ५०।–" को सट्टा "रू. २००।–" राखिएको छ ।

३५. मूल नियमावलीमा नियम १४.३ क थपः मूल नियमावलीको नियम १४.३ पछि देहायको नियम १४.३ क थपिएको छः–

"१४.३ क ट्राफिक प्रहरीलाई दिइने पोशाकः– ट्राफिक प्रहरीलाई अनुसूची ६ ख मा उल्लेख भए बमोजिमको पोशाक दिइनेछ ।"

३६. मूल नियमावलीको नियम १४.४ मा संशोधनः मूल नियमावलीको नियम १४.४ को सट्टा देहायको नियम १४.४ राखिएको छः–

"१४.४ सशस्त्र प्रहरी, सुरक्षा प्रहरी तथा प्रहरी चेकपोष्टका प्रहरी कर्मचारीलाई दिइने सामान तथा पोशाकः– सशस्त्र प्रहरी र सुरक्षा प्रहरीका प्रहरी कर्मचारीलाई अनुसूची १० बमोजिमको र प्रहरी चेकपोष्टका प्रहरी कर्मचारीलाई अनुसूची ११ बमोजिमको सामान तथा पोशाक दिइनेछ ।"

३७. मूल नियमावलीको नियम १५.२ मा संशोधनः मूल नियमावलीको नियम १५.२ को सट्टा देहायको नियम १५.२ राखिएको छः–

"१५.२ सुपरिवेक्षक, अवलोकनकर्ता र पुनरावलोकनकर्ताः– कार्य सम्पादन, वैयक्तिक गुण, चरित्र र क्षमताको मूल्याङ्कन देहायका प्रहरी



९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर्मचारीको निमित्त देहायका सुपरिवेक्षक, अवलोकनकर्ता र पुनरावलोकनकर्ताद्वारा हुनेछः–

| पद | सुपरिवेक्षक | अवलोकनकर्ता | पुनरावलोकनकर्ता |
|---|---|---|---|
| १. प्रहरी महानिरीक्षक | सचिव, गृह मन्त्रालय | श्री ५ को सरकार | श्री ५ को सरकार |
| २. प्रहरी अतिरिक्त महानिरीक्षक | प्रहरी महानिरीक्षक | सचिव, गृह मन्त्रालय | श्री ५ को सरकार |
| ३. प्रहरी नायब महानिरीक्षक | प्रहरी अतिरिक्त महानिरीक्षक | प्रहरी महानिरीक्षक | सचिव, गृह मन्त्रालय |
| ४. प्रहरी वरिष्ठ उपरीक्षक | प्रहरी नायब महानिरीक्षक | प्रहरी अतिरिक्त महानिरीक्षक | प्रहरी महानिरीक्षक |
| ५. प्रहरी उपरीक्षक | प्रहरी वरिष्ठ उपरीक्षक | प्रहरी नायब महानिरीक्षक | प्रहरी महानिरीक्षक |
| ६. प्रहरी नायब उपरीक्षक | प्रहरी उपरीक्षक | प्रहरी नायब महानिरीक्षक | प्रहरी महानिरीक्षक |
| ७. प्रहरी निरीक्षक | प्रहरी नायब उपरीक्षक | प्रहरी उपरीक्षक | प्रहरी नायब महानिरीक्षक |
| ८. प्रहरी नायब निरीक्षक | प्रहरी निरीक्षक | प्रहरी नायब उपरीक्षक | प्रहरी उपरीक्षक |
| ९. प्रहरी सहायक निरीक्षक | प्रहरी नायब निरीक्षक | प्रहरी निरीक्षक | प्रहरी नायब उपरीक्षक |
| १०. प्रहरी हवल्दार | प्रहरी सहायक निरीक्षक | प्रहरी निरीक्षक | प्रहरी नायब उपरीक्षक |
| ११. प्रहरी जवान | प्रहरी सहायक निरीक्षक | प्रहरी नायब निरीक्षक | प्रहरी निरीक्षक |

तर,

सुपरिवेक्षक, अवलोकनकर्ता र पुनरावलोकनकर्ता नरहेको कार्यालयमा रहेका प्रहरी कर्मचारीहरुको कार्य सम्पादन, वैयक्तिक गुण, चरित्र र क्षमताको मूल्याङ्कन गर्दा सम्बन्धित प्रहरी कर्मचारी जुन प्रहरी कर्मचारीको प्रत्यक्ष मातहतमा रहन्छ सोही कर्मचारी सुपरिवेक्षक र सुपरिवेक्षक जस्को प्रत्यक्ष मातहतमा रहन्छ सोही कर्मचारी अवलोकनकर्ता र अवलोकनकर्ता जस्को प्रत्यक्ष मातहतमा रहन्छ सोही कर्मचारी पुनरावलोकनकर्ता हुनेछ ।



96
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८. मूल नियमावलीको नियम १५.१० मा संशोधनः मूल नियमावलीको नियम १५.१० को उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छः–

"(२) उप-नियम (१) बमोजिम दिइने पुरस्कार देहायका अधिकारीले देहायका अङ्कमा नबढाई तत्काल पुरस्कार दिन सक्नेछः–

(क) प्रहरी महानिरीक्षकले रु. १०००।– सम्म
(ख) प्रहरी अतिरिक्त महानिरीक्षकले रु. ६५०।– सम्म
(ग) प्रहरी नायब महानिरीक्षकले रु. ५००।– सम्म
(घ) प्रहरी वरिष्ठ उपरीक्षकले रु. ४००।– सम्म
(ङ) प्रहरी उपरीक्षकले रु. ३००।– सम्म
(च) प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षकले रु. २००।– सम्म"

३९. मूल नियमावलीको अनुसूचीहरूमा संशोधनः मूल नियमावलीको,

(१) अनुसूची ३, अनुसूची ४, अनुसूची ७, अनुसूची १० र अनुसूची ११ को सट्टा यसैसाथ संलग्न अनुसूची ३, अनुसूची ४, अनुसूची ७, अनुसूची १० र अनुसूची ११ राखिएका छन् ।

(२) अनुसूची ५ को शीर ब्यहोरामा रहेको "को उपखण्ड (१)" भन्ने शब्दहरू झिकिएका छन् ।

(३) अनुसूची ७.क र अनुसूची ८ झिकिएका छन् ।

(४) अनुसूची ९.क पछि यसैसाथ संलग्न अनुसूची ९.ख थपिएको छ ।

४०. रूपान्तरः मूल नियमावलीको विभिन्न ठाउँमा प्रयोग भएको "अञ्चल प्रहरी उपरीक्षक" भन्ने शब्दहरूको सट्टा "अञ्चल प्रहरी कार्यालयको प्रमुख" भन्ने शब्दहरू राखी रूपान्तर गरिएका छन् ।

अनुसूची–३

नियम ४.६ को खण्ड (ख) को उप-खण्ड (अ) संग सम्बन्धित

क. समूह (प्रति वर्ष ५ अङ्क)

| | | |
|---|---|---|
| (१) बाजुरा | (२) बझाङ | (३) बाजुरा |
| (४) हुम्ला | (५) मुगु | (६) जुम्ला |
| (७) कालिकोट | (८) जाजरकोट | (९) डोल्पा |
| (१०) रूकुम | (११) रोल्पा | (१२) मुस्ताङ |
| (१३) मनाङ | (१४) सोलुखुम्बु | (१५) ताप्लेजुङ |



९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ख. समूह (प्रति वर्ष ४ अङ्क)

| | | |
|---|---|---|
| (१) बैतडी | (२) डँडेलधुरा | (३) डोटी |
| (४) अछाम | (५) दैलेख | (६) सल्यान |
| (७) प्यूठान | (८) म्याग्दी | (९) बाग्लुङ |
| (१०) गुल्मी | (११) अर्घाखाँची | (१२) पर्वत |
| (१३) रसुवा | (१४) दोलखा | (१५) रामेछाप |
| (१६) ओखलढुंगा | (१७) भोजपुर | (१८) संखुवासभा |
| (१९) पाँचथर | | |

## ग. समूह (प्रति वर्ष ३ अङ्क)

| | | |
|---|---|---|
| (१) कञ्चनपुर | (२) कैलाली | (३) बर्दिया |
| (४) सुर्खेत | (५) दाङ | (६) स्याङजा |
| (७) पाल्पा | (८) तनहुँ | (९) लमजुङ |
| (१०) गोरखा | (११) धादिङ | (१२) सिन्धुपाल्चोक |
| (१३) इलाम | (१४) उदयपुर | (१५) धनकुटा |
| (१६) सिन्धुली | (१७) कास्की | (१८) तेह्रथुम |
| (१९) खोटाङ | | |

## घ. समूह (प्रति वर्ष २ अङ्क)

| | | |
|---|---|---|
| (१) बाँके | (२) कपिलवस्तु | (३) रुपन्देही |
| (४) नवलपरासी | (५) चितवन | (६) नुवाकोट |
| (७) पर्सा | (८) मकवानपुर | (९) बारा |
| (१०) रौतहट | (११) काभ्रेपलाञ्चोक | (१२) सर्लाही |
| (१३) महोत्तरी | (१४) धनुषा | (१५) सिराहा |
| (१६) सप्तरी | (१७) सुनसरी | (१८) मोरङ |
| (१९) झापा | | |

## ङ. समूह (प्रति वर्ष १ अङ्क)

| | | |
|---|---|---|
| (१) काठमाडौं | (२) ललितपुर | (३) भक्तपुर |



९९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–४

(नियम ४.६ को खण्ड (ग) संग सम्बन्धित)

### आन्तरिक तथा वैदेशिक तालीम बापतको अङ्क

भाग–१

(प्रहरी निरीक्षकदेखि प्रहरी नायब महानिरीक्षकसम्मको पदको बढुवाको लागि मात्र)

| तालीम | अङ्क |
|---|---|
| (१) सिनियर पुलिस अफिसर्स कोर्ष तालीम | –२५ |
| (२) जनरल पुलिस ड्यूटीज तालीम | –२० |
| (३) जनरल पुलिस कोर्ष तालीम | –२० |
| (४) अपराध अनुसन्धान तालीम | –२० |
| (५) कम्पनी कमाण्डर्स तालीम | –२० |
| (६) पुलिस इन्स्ट्रक्टर्स कोर्ष तालीम | –१५ |
| (७) लागू औषधसम्बन्धी तालीम | –१५ |
| (८) पुलिस एड्मिनिष्ट्रेशन तालीम | –१५ |
| (९) प्लाटून कमाण्डर्स तालीम | –१५ |
| (१०) ट्राफिक पुलिस एड्मिनिष्ट्रेशन तालीम | –१० |
| (११) अपराध नियन्त्रणसम्बन्धी तालीम | –१० |
| (१२) नागरिक प्रतिरक्षा तालीम | –१० |
| (१३) विशिष्ट व्यक्तिको सुरक्षा तालीम | –१० |
| (१४) विष्फोटक पदार्थसम्बन्धी तालीम | –१० |
| (१५) प्रति जासूसी तालीम | –१० |
| (१६) विमानस्थलको सुरक्षा तालीम | –१० |
| (१७) अपराधिक समाचार संकलन तालीम | –१० |
| (१८) काउण्टरफिट करेन्सीसम्बन्धी तालीम | –१० |
| (१९) एन. सी. बी. अधिकृत तालीम | –१० |
| (२०) जुभेनाईल डेलिक्वेन्सी तालीम | –१० |
| (२१) क्राईम प्रिभेन्सन एण्ड ट्रिटमेन्ट अफ अफेन्डर्स तालीम | –१० |
| (२२) हतियार तालीम | –१० |
| (२३) कमाण्ड तालीम | –१० |



१००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२४) काउण्टर इमरजेन्सी तालीम —१०
(२५) एन्टी एक्सट्रीमिष्ट तालीम —१०
(२६) फिल्ड इन्जिनियर्स तालीम —१०
(२७) जङ्गली लडाइँको तालीम —१०
(२८) क्वाटर माष्टर तालीम —१०
(२९) नक्सा अध्ययन तालीम —१०

## भाग—२

### (सम्बन्धित प्राविधिक क्षेत्रमा बढुवाको लागि मात्र)

(१) फोटोग्राफी तालीम —१५
(२) फिंगरप्रिन्ट तालीम —१५
(३) वैज्ञानिक प्रयोगशालासम्बन्धी विषयगत तालीम —१५
(४) आकाशवाणी तालीम —१५
(५) आकाशवाणी (मेकानिक्स तालीम) —१५
(६) आमोरर तालीम —१५
(७) मेकानिक्स तालीम —१५
(८) कम्पाउण्डिङ र ड्रेसिङ तालीम —१०
(९) वैण्ड (उन्नत तालीम) —१०

## भाग—३

### (प्रहरी नायब निरीक्षक र सोभन्दा मुनिको पदमा बढुवाको निमित्त मात्र)

(१) शारीरिक व्यायाम तालीम —१५
(२) जूडो (उन्नत ) तालीम —१५
(३) कराते (उन्नत) तालीम —१५
(४) जिमनाष्टिक तालीम —१५
(५) पर्वतारोहण तालीम —१५
(६) घोडाचढी तालीम —१५
(७) सहायक प्रशासन तालीम —१५
(८) प्रहरी हवल्दार तालीम —१०
(९) चौकी कमाण्डर तालीम —१०
(१०) सेक्सन लिडिङ तालीम —१०


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(११) हतियार तालीम —१०
(१२) जूडो तालीम —१०
(१३) ट्राफिक तालीम —१०
(१४) अपराध अनुसन्धान तालीम —१०
(१५) विमानस्थलको सुरक्षा तालीम —१०
(१६) लेखा तालीम —१०
(१७) स्काउट र गाईड तालीम —१०
(१८) कराते तालीम —१०
(१९) डग हैण्डलिङ तालीम —१०

## भाग–४

## (अनिवार्य तालीमहरू)

देहायको पदबाट पदोन्नति गर्दा देहायका अनिवार्य तालीमहरू पूरा गरेर प्रहरी कर्मचारीमात्र पदोन्नतिका निमित्त सम्भाव्य उम्मेदवार हुनेछ।

| सि. नं. | तालीम गर्ने पद | पदोन्नतिको निमित्त अनिवार्य तालीम |
|---|---|---|
| १. | प्रहरी जवान | रिक्रुट आधारभूत तालीम, कमाण्ड तालीम। |
| २. | प्रहरी हवल्दार | पूर्व पदोन्नति तालीम ग्रेड १। |
| ३. | प्रहरी सहायक निरीक्षक | आधारभूत तालीम, जुनियर कमाण्ड तालीम। |
| ४. | प्रहरी नायव निरीक्षक | पूर्व पदोन्नति तालीम ग्रेड २। |
| ५. | प्रहरी निरीक्षक | आधारभूत तालीम, इन्टरमिडियट कमाण्ड तालीम। |
| ६. | प्रहरी नायव उपरीक्षक | सिनियर कमाण्ड तालीम। |

द्रष्टव्यः– (१) उपरोक्त तालीमहरूको अतिरिक्त अन्य कुनै तालीम प्रहरी कर्मचारीले लिएमा सो तालीमको स्तर र विषयलाई ध्यानमा राखी सो तालीमलाई कति अङ्क प्रदान गर्ने भन्ने बारे प्रहरी प्रधान कार्यालयबाट गठन भएको समितिले निर्धारण गरी बढुवाको लागि उक्त तालीम बापत अङ्क प्रदान गर्न सक्नेछ।

(२) माथिल्लो पदमा पदोन्नतिको निमित्त तोकिएको अनिवार्य तालीमको अतिरिक्त कुनै तालीमलाई कुनै पदमा पदोन्नति हुन अनिवार्य तालीम अन्तर्गत तोक्नु परेमा प्रहरी महानिरीक्षकबाट गठित समितिले तोक्न सक्नेछ।

(३) प्रहरी नायव निरीक्षक र सोभन्दा मुनिका पदमा बहाल रहेको अवस्थामा प्राप्त गरेको तालीम बापतको अङ्क प्रहरी नायव उपरीक्षक वा सो भन्दा माथिको तहमा बढुवाको लागि गणना गरिने छैन।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–७

(नियम ४.६ को खण्ड (च) संग सम्बन्धित)

(कार्य सम्पादन, वैयक्तिक गुण, चरित्र र क्षमताको मूल्यांकन)

फाराम भर्ने निर्देशिका:–

(१) प्रहरी कर्मचारीहरूको कार्य सम्पादन, वैयक्तिक गुण, चरित्र र क्षमताको आधारमा पदोन्नतिको सम्भाव्यता मूल्यांकन गर्ने उद्देश्यले राजपत्रांकित प्रहरी कर्मचारीको निमित्त भाग– १ बमोजिमको र राजपत्र अनंकित प्रहरी कर्मचारीको निमित्त भाग–२ बमोजिमका फारामहरू व्यवस्था गरिएका छन् ।

(२) प्रत्येक प्रहरी कर्मचारीको निमित्त नियम १५.२ अनुसार सुपरिवेक्षक, अवलोकनकर्ता र पुनरावलोकनकर्तालि तीन छुट्टा छुट्टै महलमा आ-आफ्नो अङ्क दिनु पर्नेछ ।

(३) यी फारामहरू अनुसार कार्य सम्पादन, वैयक्तिक गुण, चरित्र र क्षमताको मूल्यांकन बापत अधिकतम १५० अङ्क दिइनेछ । जसमध्ये सुपरिवेक्षकले बढीमा ५० अङ्कसम्म, अवलोकनकर्तालि ५० अङ्कसम्म र पुनरावलोकनकर्ताले ५० अङ्कसम्म दिन सक्नेछन् । सम्बन्धित सुपरिवेक्षक, अवलोकनकर्ता र पुनरावलोकनकर्तालि दिएको अङ्कमा हेरफेर गर्न सकिने छैन र सबै तहमा अङ्क भरी प्राप्त भएको कुल अङ्क बढुवाको प्रयोजनको लागि गणना हुनेछ ।

(४) प्रत्येक वर्ष सुपरिवेक्षकले आफूले सुपरिवेक्षण गर्नु पर्ने प्रहरी कर्मचारीको मूल्यांकन यस फाराममा उल्लेख भएका आधारमा सही रूपमा भरी सम्बन्धित अवलोकनकर्ताकहाँ प्रत्येक वर्षको श्रावण १५ गतेभित्र पठाउनु पर्नेछ ।

(५) अवलोकनकर्तालि पनि अवलोकनकर्तालि भर्ने महलमा सोही आधारहरूमा छुट्टै मूल्यांकन गरी सम्बन्धित पुनरावलोकनकर्ताकहाँ प्राप्त भएको १५ दिनभित्र पठाउनु पर्नेछ । पुनरावलोकनकर्तालि पनि सोही आधारहरूमा पुनरावलोकनकर्तालि भर्ने महलमा छुट्टै मूल्यांकन गरी १५ दिनभित्र सम्बन्धित प्रहरी कर्मचारीको अभिलेख रहने कार्यालयमा पठाउनु पर्नेछ ।

(६) सबै तहमा अङ्क भरी सकेपछि यो फाराम सम्बन्धित कर्मचारीको अभिलेखमा संलग्न राख्नु पर्नेछ ।

(७) एक अवधिभित्र एकभन्दा बढी सुपरिवेक्षक, अवलोकनकर्ता वा पुनरावलोकनकर्ताको अन्तर्गत रही काम गरेका प्रहरी कर्मचारीको मूल्यांकन सो अवधिको अन्त्यमा उक्त प्रहरी कर्मचारी जसको अन्तर्गत रही काम गरेको हुन्छ उसैले पूरै अवधिको फाराम भर्नु पर्नेछ ।

(८) यो फाराम भर्ने प्रत्येक तहका मूल्यांकनकर्तालि फाराम भरेपछि नाम, दर्जा र मिति अनिवार्य रूपले उल्लेख गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भाग–१

(राजपत्राङ्कित प्रहरी कर्मचारीको निमित्त)

अवधि . . . . . . . . मिति . . . . . . . . . देखि . . . . . . . . . . . .सम्म
व्यक्तिगत नम्बर . . . . . . नाम, थर . . . . . . दर्जा . . . . . . कार्यालय . . . . .

| सि. नं. | व्यक्तिगत गुण, चरित्र क्षमता र कार्य सम्पादन क्षमता | सुपरिवेक्षकले भर्ने प्रत्येक महलमा अधिकतम २ अङ्कका दरले | अवलोकनकर्तालि भर्ने प्रत्येक महलमा अधिकतम २ अङ्कका दरले | पुनरावलोकनकर्तालि भर्ने प्रत्येक महलमा अधिकतम २ अङ्कका दरले | जम्मा |
|---|---|---|---|---|---|
| १ | अनुशासन | | | | |
| २ | कामको परिमाण | | | | |
| ३ | कामको स्तर | | | | |
| ४ | शारीरिक क्षमता | | | | |
| ५ | इमान्दारी | | | | |
| ६ | उत्तरदायित्व वहन गर्ने क्षमता | | | | |
| ७ | चाल ढाल | | | | |
| ८ | निर्णायिक शक्ति | | | | |
| ९ | नैतिकता | | | | |
| १० | परिस्थिति अनुसार काम गर्ने क्षमता | | | | |
| ११ | योजना कार्य संगठन क्षमता | | | | |
| १२ | व्यवसायिक सीप र ज्ञानको प्रयोग गर्ने क्षमता | | | | |
| १३ | वैचारिक परिपक्वता | | | | |
| १४ | निर्देशन अनुसार काम गर्ने क्षमता | | | | |
| १५ | रेखदेख तथा नियन्त्रण क्षमता | | | | |
| १६ | निर्भरता | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| १७ कामप्रतिको उत्साह र लगनशीलता | |
| १८ शिष्टता | |
| १९ श्रृजनात्मक प्रतिभा | |
| २० सहन शक्ति | |
| २१ सहयोगी भावना | |
| २२ कार्य कुशलता | |
| २३ साहस | |
| २४ अभिव्यक्ति क्षमता | |
| २५ सेवाप्रति निष्ठा | |
| जम्मा | |

| सुपरिवेक्षकको नामः– | अवलोकनकर्ताको नामः– | पुनरावलोकनकर्ताको नामः– |
|---|---|---|
| दस्तखतः– | दस्तखतः– | दस्तखतः– |
| दर्जाः– | दर्जाः– | दर्जाः– |
| कार्यालयः– | कार्यालयः– | कार्यालयः– |
| मितिः– | मितिः– | मितिः– |

## भाग–२

### (राजपत्र अनंकित प्रहरी कर्मचारीको निमित्त)

अवधि ... ... ... मिति ... ... ... ... देखि ... ... ... ...सम्म

व्यक्तिगत नम्बर ... ... नाम, थर ... ... दर्जा ... ... कार्यालय ...

| सि.नं. | व्यक्तिगत गुण, चरित्र र कार्य सम्पादन क्षमता | सुपरिवेक्षकले भर्ने प्रत्येक महलमा अधिकतम ५ अङ्कका दरले | अवलोकनकर्ताले भर्ने प्रत्येक महलमा अधिकतम ५ अङ्कका दरले | पुनरावलोकन-कर्ताले भर्ने प्रत्येक महलमा अधिकतम ५ अङ्कका दरले | जम्मा |
|---|---|---|---|---|---|
| १ | अनुशासन र सहयोगी भावना | | | | |
| २ | शारीरिक क्षमता, साहस र सहनशक्ति | | | | |



१०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| ३ उत्तरदायित्व वहन गर्न सक्ने क्षमता र निर्भरता | |
| ४ व्यवसायिक ज्ञान र सीपको प्रयोग र कार्यकुशलता | |
| ५ नैतिकता र इमान्दारिता | |
| ६ लगनशीलता र शिष्टता | |
| ७ निर्देशन अनुसार काम गर्ने क्षमता | |
| ८ सेवाप्रति निष्ठा | |
| ९ स्थिति अनुसार काम गर्ने क्षमता र निर्णायक शक्ति | |
| १० कामको स्तर र परिमाण | |
| जम्मा | |

| सुपरिवेक्षकको नाम:– | अवलोकनकर्ताको नाम:– | पुनरावलोकनकर्ताको नाम:– |
|---|---|---|
| दस्तखत:– | दस्तखत:– | दस्तखत:– |
| दर्जा:– | दर्जा:– | दर्जा:– |
| कार्यालय:– | कार्यालय:– | कार्यालय:– |
| मिति:– | मिति:– | मिति:– |

## अनुसूची–६.ख

(नियम १४.३ क संग सम्बन्धित)

ट्राफिक प्रहरीलाई दिइने पोशाक

(१) प्रारम्भिक पोशाक बाहेक अन्य पोशाक (युनिट):–

| सि. नं. | विवरण | संख्या | खपत अवधि |
|---|---|---|---|
| १. | कटन पिक्याप | १ | २ वर्ष |
| २. | पिक्यापको सेतो टेरिकटनको खोल | २ | १ वर्ष |
| ३. | आकाशे नीलो टेरिकटन कमिज | २ | १ वर्ष |



१०६

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ४. | गाढा नीलो पोलिस्टर टाई | १ | २ वर्ष |
| ५. | गाढा नीलो टेरिकटन पैण्ट | २ | २ वर्ष |
| ६. | अति गाढा नीलो टेरिउल पैण्ट (जाडो मौसमको लागि) | १ | २ वर्ष |
| ७. | सेतो पञ्जा पातलो (गर्मी मौसमको लागि) | जोर १ | १ वर्ष |
| ८. | सेतो पञ्जा बाक्लो (जाडो मौसमको लागि) | जोर १ | १ वर्ष |
| ९. | कालो ज्याकेट (जाडो मौसमको लागि) | १ | ४ वर्ष |

(२) इक्वीपमेण्ट (युनिट):–

| सि. नं. | विवरण | संख्या | खपत वर्ष |
|---|---|---|---|
| १. | पहेंलो रेन सुट | १ | २ वर्ष |
| २. | फ्लोरोसेण्ट क्रस बेल्ट | १ | ४ वर्ष |
| ३. | प्रहरी ब्याटन | १ | ५ वर्ष |
| ४. | ब्याटन होल्डर | १ | २ वर्ष |
| ५. | नोटबुक होल्डर | १ | २ वर्ष |
| ६. | रिभल्वरपोज (अधिकृतको लागि मात्र) | १ | ५ वर्ष |
| ७. | गोली पोज (अधिकृतको लागि मात्र) | १ | ५ वर्ष |

## अनुसूची–१०

### (नियम १४.४ संग सम्बन्धित)

### सशस्त्र तथा सुरक्षा प्रहरीलाई दिइने सामान

(क) व्यक्तिगत सामान

| सि. नं. | विवरण | संख्या | खपत अवधि |
|---|---|---|---|
| १. | हेल्मेट | १ | १० वर्ष |
| २. | इण्ट्रोञ्चङ्ग टूल | १ | ५ वर्ष |
| ३. | वैव इक्यूपमेण्ट सेट | १ | ४ वर्ष |
| ४. | व्यक्तिगत डोरी | १ | ५ वर्ष |
| ५. | खुकुरी | १ | १० वर्ष |
| ६. | जङ्गल हेट | १ | ३ वर्ष |
| ७. | मेसटिन | १ | ३ वर्ष |
| ८. | क्यारियर सहितको पानी बोतल | १ | ४ वर्ष |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) युनिट सामान

| | | | |
|---|---|---|---|
| १. | हत्कडी | ६ जोर | १० वर्ष |
| २. | प्राथमिक उपचार बाकस | १ | २ वर्ष |
| ३. | दूर्बिन | १ | १० वर्ष |
| ४. | क्यामरा | १ | १० वर्ष |
| ५. | फिल्महरू | आवश्यक संख्यामा | १ वर्ष |
| ६. | प्रिजमैटिक आयल कम्पास | २ | १० वर्ष |
| ७. | सम्बन्धित इलाकाको म्याप | ३ सेट | ५ वर्ष |
| ८. | म्याप केस | २ सेट | २ वर्ष |
| ९. | सर्भिस प्रोटेक्टर | २ | २ वर्ष |
| १०. | मैरील।ईट पेस्तोल | १ | १५ वर्ष |
| ११. | टोटाहरू | आवश्यक संख्यामा | १ वर्ष |
| १२. | पाल | आवश्यकतानुसार | ६ वर्ष |

अनुसूची–११

(नियम १४.४ संग सम्बन्धित)

प्रहरी चेकपोष्टलाई दिइने पोशाक तथा सामान

(क) व्यक्तिगत पोशाक तथा सामानः–

| सि. नं. | विवरण | संख्या | खपत अवधि |
|---|---|---|---|
| १. | विण्ड चिटर ज्याकेट | १ | ४ वर्ष |
| २. | ऊनी पञ्जा | १ जोर | २ वर्ष |
| ३. | हिमाली बुठ | १ जोर | ४ वर्ष |
| ४. | हलुंगो इक्वीपमेण्ट | १ सेट | ३ वर्ष |
| ५. | स्लिपिङ्ग ब्याग | १ | ४ वर्ष |
| ६. | मेसटिन | १ | ३ वर्ष |
| ७. | हिमाली पिक बञ्चरो | १ | ५ वर्ष |
| ८. | खुकुरी | १ | १० वर्ष |
| ९. | व्यक्तिगत डोरी | १ | ५ वर्ष |
| १०. | क्यारियर सहितको पानी बोतल | १ | ४ वर्ष |
| ११. | हेल्मेट | १ | १० वर्ष |



१०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) युनिट सामानः–

| | | | |
|---|---|---|---|
| १. | दूर्बिन | १ | १० वर्ष |
| २. | क्यामरा | १ | १० वर्ष |
| ३. | फिल्महरू | आवश्यकतानुसार | १ वर्ष |
| ४. | सम्बन्धित इलाकाको नक्सा | ३ सेट | ५ वर्ष |
| ५. | म्याप केस | २ | २ वर्ष |
| ६. | सर्भिस प्रोटेक्टर | २ | २ वर्ष |
| ७. | प्रिज्मेटिक आयल कम्पास | २ | १० वर्ष |
| ८. | प्राथमिक उपचार बाकस | १ | १ वर्ष |
| ९. | नाइलन डोरी | २०० मिटर | ५ वर्ष |
| १०. | स्नो गगल्स | ५ | ५ वर्ष |
| ११. | आइस एक्स | ५ | ५ वर्ष |

आज्ञाले,
वीरबहादुर शाही
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१९०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।